# लघुवित्त वित्तीय संस्थाहरुको वार्षिक स्थिति

( आर्थिक वर्ष २०७५/७६ को चौथो त्रयमास - २०७६ असारमसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)

**नेपाल राष्ट्र बैंक**

**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग**

**कात्तिक, २०७६**

# लघुवित्त वित्तीय संस्थाहरुको वार्षिक स्थिति

## लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति


१. **लघुवित्त वित्तीय संस्थाहरुको संख्या र शाखाहरुको विस्तार तीव्रदरमा भएको छ ।** २०७६ असार मसान्तसम्मको “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको संख्या ९० पुगेको छ । थोक कर्जा प्रवाह गर्ने सहित राष्ट्रिय स्तरका लघुवित्त वित्तीय संस्थाहरु ४१ र क्षेत्रीय/जिल्ला स्तरका लघुवित्त वित्तीय संस्थाहरु ४९ रहेका छन् । अघिल्लो आर्थिक वर्षको सोही समयमा लघुवित्त वित्तीय संस्थाहरुको जम्मा संख्या ६५ रहेको थियो । आर्थिक वर्ष २०७५/२०७६ मा २४ वटा वित्तीय गैर-सरकारी संस्थाहरु लघुवित्त वित्तीय संस्थामा परिणत भएकोले लघुवित्त वित्तीय संस्थाहरुको संख्या उल्लेख्य रुपमा बढेको हो । लघुवित्त वित्तीय संस्थाको संख्या बढे संगै अन्य सूचकहरु पनि बढेको देखिएको छ । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या चालु आर्थिक वर्षको अन्त्यमा ४४.७८ प्रतिशतले बढेर ३,५४७ पुगेको छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या ५८.७३ प्रतिशतले बढेर २७४ हजार, सदस्य संख्या ५१.५९ प्रतिशतले बढेर ४३३१ हजार, ऋणी संख्या ४४.६३ प्रतिशतले बढेर २६८१ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा १७,३६२ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७५ असारको तुलनामा ५०.२३ प्रतिशतले बढी हो (तालिका १)।

**तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २/१ | ३/२ |
| कुल संस्था संख्या | ५३ | ६५ | ९० | २२.६४ | ३८.४६ |
| कुल शाखा संख्या | १८९९ | २४५० | ३५४७ | २९.०२ | ४४.७८ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७५ | ७७ | ७७ | २.६७ | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | १३२ | १७३ | २७४ | ३०.५६ | ५८.७३ |
| कुल समूह संख्या(हजारमा) | ४५५ | ५६३ | ९२७ | २३.६३ | ६४.८० |
| कुल सदस्य संख्या(हजारमा) | २३३९ | २८५७ | ४३३१ | २२.१६ | ५१.५९ |
| कुल ऋणी संख्या(हजारमा) | १५७४ | १८५४ | २६८१ | १७.७८ | ४४.६३ |
| कुल कर्मचारी संख्या | ८९०५ | ११५५७ | १७३६२ | २९.७८ | ५०.२३ |
| राष्ट्रिय स्तरका संस्था* | २४ | २८ | ४१ | १६.६७ | ४६.४३ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | २९ | ३७ | ४९ | २७.५९ | ३२.४३ |


*उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।

चित्र १: संस्था र शाखा संख्या




२. प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा प्रदेश नं ५ मा रहेको देखिन्छ । २०७५ असार मसान्तमा उक्त प्रदेशमा ७८३ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेशमा प्रदेश नं २ रहेको छ । सबभन्दा कम कर्णाली प्रदेशमा १६७ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## पुँजीकोष

३. **लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन-२०७५ को निर्देशन नं १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुंजी र पुँजीकोष न्युनतम क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने बैधानिक व्यवस्था रहेको छ । २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १२.१४ प्रतिशत र १३.०६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पूँजी ५२.७२ प्रतिशतले र जोखिम भारित सम्पति ५८.८५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्ष २०७४/७५ मा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पूँजी र जोखिम भारित सम्पति क्रमश ४४.४८ प्रतिशत र ३५.९२ प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| **विवरण** | **२०७४ असार (१)** | **२०७५ असार (२)** | **२०७६ असार (३)** | **प्रतिशत परिवर्तन (२-१)/(१)*१००** | **प्रतिशत परिवर्तन (३-२)/(२)*१००** |
|---|---|---|---|---|---|
| चुक्ता पुँजी | ७७३.९८ | १११८.२५ | १७०७.७८ | ४४.४८ | ५२.७२ |
| प्राथमिक पुँजी | १४८५.२५ | १९६४.५५ | २९९४.९६ | ३२.२७ | ५२.४५ |
| पुँजीकोष | १५९९.४० | २१२६.३६ | ३२२२.८९ | ३२.९५ | ५१.५७ |
| जोखिम भारित सम्पत्ति | ११४२८.९५ | १५५३३.७७ | २४६७५.७४ | ३५.९२ | ५८.८५ |
| प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.००** | **१२.६५** | **१२.१४** | | |
| पुँजीकोष /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.९९** | **१३.६९** | **१३.०६** | | |

## वित्तीय स्रोत संकलन

४. **लघुवित्त वित्तीय संस्थाहरुले निक्षेप परिचालन र सापटी रकम उल्लेख्य दरले बढाएका छन् ।** २०७६ असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप रू. ८५ अर्ब ६३ करोड र सापटी रू. १ खर्ब २६ अर्ब ४८ करोड गरी जम्मा रू. २ खर्ब १२ अर्ब ११ करोड वित्तीय स्रोत संकलन गरेका छन् । निक्षेप संकलन अघिल्लो आर्थिक वर्ष २०७४/७५ मा ४४.०५ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०७५/७६ मा ७२.८२ प्रतिशतले बढेको छ । लघुवित्त संस्थाहरुले प्राप्त सापटी रकम पनि अघिल्लो आर्थिक वर्ष ३१.११ प्रतिशतले बढेको तुलनामा यस आर्थिक बर्षमा ४४.२५ प्रतिशतले बढेको छ । २०७६ असार मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ७.९३ गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ३: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण**

(रु.करोडमा)

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| (क) निक्षेप | ३,४३९.६३ | ४,९५४.८८ | ८,५६३.१९ | ४४.०५ | ७२.८२ |
| (ख) सापटी | ६,६८७.९० | ८,७६८.३७ | १२,६४८.२२ | ३१.११ | ४४.२५ |
| **कुल वित्तीय स्रोत संकलन** | **१०,१२७.५३** | **१३,७२३.२५** | **२१,२११.४१** | ३५.५० | ५४.५७ |
| प्राथमिक पुंजी (अघिल्लो त्रयमास) | १,३४४.०४ | १,७७१.७० | २,६७३.६३ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **७.५४** | **७.७५** | **७.९३** | | |

## कर्जा तथा सापट

५. **लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ** । लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम अघिल्लो आर्थिक बर्षमा ३७.०२ प्रतिशतले बढेकोमा यस आर्थिक बर्षमा ६१.१२ प्रतिशतले बढि २०७६ असार मसान्तसम्ममा रू. २ खर्ब ३५ अर्ब १५ करोड पुगेको देखिन्छ । आर्थिक बर्ष २०७५/७६ को कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. २ अर्ब ३६ करोड अर्थात १.०० प्रतिशत मात्र रहेको छ । २०७५ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.९४ प्रतिशत रहेको थियो भने २०७४ असार मसान्तमा यस्तो अनुपात ०.७२ प्रतिशत रहेको थियो । यस आर्थिक बर्षमा निष्क्रिय कर्जाको वृद्धिदर गत वर्षको हाराहारीमा छ भने सक्रिय कर्जाको वृद्धिदर ६१.०२ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षमा ३६.७१ प्रतिशत रहेको थियो (तालिका ४) ।

**तालिका ४: कर्जा तथा सापटको वर्गीकरण**

(रु. करोडमा)

| कर्जा विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| सक्रिय कर्जा | १०,५७४.९५ | १४,४५७.३६ | २३,२७९.२५ | ३६.७१ | ६१.०२ |
| निष्क्रिय कर्जा | ७६.५७ | १३७.७९ | २३६.०९ | ७९.९५ | ७१.३४ |
| **कुल कर्जा तथा सापट** | **१०,६५१.५२** | **१४,५९५.१५** | **२३,५१५.३४** | ३७.०२ | ६१.१२ |
| निष्क्रिय कर्जा अनुपात | **०.७२** | **०.९४** | **१.००** | | |

६. **लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७६ असार मसान्तमा रु. २ खर्ब ३५ अर्ब १५ करोड मध्ये रु. ९३ अर्ब ९२ करोड अर्थात ३९.९४ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७५ असार मसान्तमा कृषि क्षेत्रमा रु. ५४ अर्ब ३२ करोड अर्थात ३७.२१ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय

संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.५९ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३२.९० प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ (तालिका ५)।

**तालिका ५: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| कर्जा विवरण | २०७५ असार ( रु. करोडमा ) | २०७५ असार ( प्रतिशत ) | २०७६ असार ( रु. करोडमा ) | २०७६ असार ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | ५४३१.५५ | ३७.२१ | ९३९२.२७ | ३९.९४ |
| घरेलु तथा लघु उद्योग | ५३१.२५ | ३.६४ | ८४४.०५ | ३.५९ |
| सेवा व्यवसाय | ४७९८.२० | ३२.८८ | ७७३५.९४ | ३२.९० |
| थोक कर्जा | २९४३.५० | २०.१७ | ३६७८.८५ | १५.६४ |
| अन्य | ८९०.६४ | ६.१० | १८६४.२३ | ७.९३ |
| **जम्मा** | **१४५९५.१५** | **१००.००** | **२३५१५.३४** | **१००.००** |

७. **लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था बढेको छ** । आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो आर्थिक वर्ष को तुलनामा ६७.७३ प्रतिशतले बढेर रू. ४ अर्ब १ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १ अर्ब ७१ करोड (४२.८२ प्रतिशत) रहेको छ। अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ४१.०१ प्रतिशतले मात्र बढेको थियो (तालिका ६)।

**तालिका ६: कर्जा नोक्सानी व्यवस्था**

(रु. करोडमा)

| कर्जा विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १००.८० | १३६.७७ | २२९.४० | ३५.६८ | ६७.७३ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ६८.८१ | १०२.४० | १७१.७७ | ४८.८२ | ६७.७४ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **१६९.६१** | **२३९.१७** | **४०१.१७** | ४१.०१ | ६७.७३ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)** | **१.५९** | **१.६४** | **१.७१** | | |

८. **लघुवित्त वित्तीय संस्थाहरुको धितो र लघु व्यवसाय कर्जाको अंश बढेको छ ।** २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १४.०९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७५ असार मसान्तमा ११.४८ प्रतिशत र २०७४ असार मसान्तमा ९.७३ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७५ असारमा ६३.८९ प्रतिशत रहेकोमा २०७६ असारमा ६५.१० प्रतिशत पुगेको छ (तालिका ७)।

## तालिका ७: धितो कर्जा कुल कर्जा अनुपात

(रु. करोडमा)

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| धितो कर्जा | १०३५.८८ | १६७६.१२ | ३३१३.४२ | ६१.८१ | ९७.६८ |
| लघु व्यवसाय कर्जा | ६६९२.९६ | ९३२५.२३ | १५३०७.५६ | ३९.३३ | ६४.१५ |
| अन्य कर्जा | २९२२.६८ | ३५९३.८० | ४८९४.३६ | २२.९६ | ३६.१९ |
| कुल कर्जा तथा सापट | १०६५१.५२ | १४५९५.१५ | २३५१५.३४ | ३७.०२ | ६१.१२ |
| धितो कर्जा/कुल-कर्जा अनुपात (प्रतिशत ) | **९.७३** | **११.४८** | **१४.०९** | | |
| लघु व्यवसाय कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **६२.८४** | **६३.८९** | **६५.१०** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **२७.४४** | **२४.६२** | **२०.८१** | | |

## लगानी

९. **लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा सुधार भएको छ ।** २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. २ अर्ब ५७ करोड पुगेको छ, जुन २०७५ असारको तुलनामा ३.१३ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल लगानी ७.६७ प्रतिशतले घटेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले यस आर्थिक बर्षमा सरकारी सुरक्षण पत्र र शेयर तथा डिवेन्चरमा ठूलो दरले लगानी बढाएका छन् । लगानीको प्रमुख अंशको रुपमा रहेको मुद्धती निक्षेपमा लघुवित्त वित्तीय संस्थाहरूले २०७६ असारसम्म रु. १ अर्ब ५१ करोड राखेका छन् जुन रकम २०७५ असारको तुलनामा १९.९१ प्रतिशतले कमी हो । अघिल्लो आर्थिक वर्षमा मुद्धती निक्षेपमा राखेको रकम ७.७४ प्रतिशतले घटेको थियो (तालिका ८) ।

## तालिका ८: लगानी विवरण

(रु. करोडमा)

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| सरकारी सुरक्षण पत्र | ४.२७ | ३.८७ | ३०.९९ | -९.३७ | ७००.७४ |
| शेयर तथा डिवेन्चर | १०.९२ | १०.१६ | २४.९९ | -६.९६ | १४५.९४ |
| मुद्दती निक्षेप | २०४.५० | १८८.६७ | १५१.११ | -७.७४ | -१९.९१ |
| अन्य लगानी | ५०.५९ | ४६.८४ | ५०.२८ | -७.४१ | ७.३४ |
| **जम्मा लगानी** | **२७०.२८** | **२४९.५४** | **२५७.३६** | -७.६७ | ३.१३ |

## जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

१०. **लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति दुवै उल्लेख्य दरले बढेको छ** । २०७६ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. २ खर्ब ६९ अर्ब ५ करोड पुगेको छ । यो २०७५ असार मसान्तको रु. १ खर्ब ७३ अर्ब २२ करोडको तुलनामा ५५.३२ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल सम्पत्ती ३१.०१ प्रतिशतले मात्र बढेको थियो । २०७६ असार मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९१.७१ प्रतिशत रहेको छ जुन २०७५ असार मसान्तमा ८९.६८ प्रतिशत रहेको थियो । (तालिका ९)।

**तालिका ९: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| कुल सम्पत्ति | १३२२१.७१ | १७३२१.८४ | २६९०५.०७ | ३१.०१ | ५५.३२ |
| जोखिम भारित सम्पत्ति | ११४२८.९५ | १५५३३.७७ | २४६७५.७४ | ३५.९२ | ५८.८५ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **८६.४४** | **८९.६८** | **९१.७१** | | |

## मुनाफा स्थिति

११. **समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा बढेको छ** । आर्थिक वर्ष २०७५/७६ मा ब्याज आम्दानी रु. ३२ अर्ब ९३ करोड र ब्याज खर्च रु. १७ अर्ब ७४ करोड रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय संस्थाहरुले रु.६ अर्ब ४५ करोड खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा उक्त खुद मुनाफा ६५.०८ प्रतिशतले बढी हो (तालिका १०) । यस अवधिमा सञ्चालित ९० लघुवित्त वित्तीय संस्थाहरु मध्ये १३ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १०: मुनाफा स्थिति**

(रु. करोडमा)

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| ब्याज आम्दानी | १५७३.८३ | २२२५.४८ | ३२९२.७३ | ४१.४१ | ४७.९६ |
| ब्याज खर्च | ६०३.५८ | ११७८.०९ | १७७४.९५ | ९५.१८ | ५०.६६ |
| संचालन आम्दानी | ५३६.९९ | ५७५.६७ | १९९८.३१ | ७.२० | २४७.१३ |
| **खुद नाफा/नोक्सान** | **३५७.९३** | **३९०.५५** | ६४४.७३ | ९.११ | ६५.०८ |

## तरलता स्थिति

१२. **लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा क्रमिक सुधार भएको छ ।** २०७५ असार मसान्तको तुलनामा २०७६ असार मसान्तमा तरल सम्पत्ति १९.४६ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ६२ करोड पुगेको छ । आर्थिक वर्ष २०७५/७६ मा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले सरकारी सुरक्षणपत्रमा उल्लेख्य लगानी बढाएको कारण सरकारी सुरक्षणपत्रको लगानीमा वृद्धि उच्च देखिन्छ । २०७६ असार मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात २५.३४ प्रतिशत रहेको छ, उक्त अनुपात २०७५ असारमा ३६.५६ प्रतिशत थियो । यस आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको तुलनामा लघुवित्त वित्तीय संस्थाहरुको नगद मौज्दात र नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात दुवै बढेको छ (तालिका ११) । समग्रतामा लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दर भित्रै रहेको छ ।

### तालिका ११: तरलता स्थिति

(रू.करोडमा)

| विवरण | २०७४ असार (१) | २०७५ असार (२) | २०७६ असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२)*१०० |
| नगद | ११.२६ | १४.७४ | २१.४० | ३०.९१ | ४५.२० |
| नेपाल राष्ट्र बैंक मौज्दात | ६१.०१ | ७३.३१ | १२२.९७ | २०.१६ | ६७.७४ |
| बैंक तथा वित्तीय संस्था मौज्दात | १,१९६.२३ | १,५५०.२७ | १,७८६.३२ | २९.६० | १५.२३ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३.८७ | ३.८७ | ३०.९९ | ०.०० | ७००.७४ |
| **कुल तरल सम्पत्ति** | **१,२७२.३७** | **१,६४२.१९** | **१,९६१.६८** | २९.०७ | १९.४६ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ३,११३.१४ | ४,४९२.०२ | ७,७४०.४३ | ४४.२९ | ७२.३२ |
| कुल सापटी (अघिल्लो त्रयमास) | ६,३६९.८१ | ७,९३४.०५ | ११,८३८.३४ | २४.५६ | ४९.२१ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **४०.८७** | **३६.५६** | **२५.३४** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१३.४२** | **१३.२२** | **१०.०२** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.७७** | **०.६५** | **०.६९** | | |